मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## वीरगंज क्यासिनो प्रकरण: अध्यक्ष, इन्स्पेक्टरसहित आठैजना धरौटीमा रिहा

**मधेशदृष्टि**
**वीरगंज ।** वीरगंजस्थित गोल्डेन फिंगर गेमिङ जोन (क्यासिनो) बाट पक्राउ परेका सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादव र इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक (इन्स्पेक्टर) प्रदीप पौडेल धरौटी बुझाएर रिहा भएका छन् । सोमबार साँझ अध्यक्ष यादव २५ हजार र इन्स्पेक्टर पौडेल १८ हजार रुपैयाँ धरौटी बुझाएर छुटेका हुन् ।यस्तै, घटनामा संलग्न अन्य ६ जनासमेत धरौटीमा रिहा भएका छन् । पक्राउ परेका चन्दन सहनी, ओमप्रकाश बैठा र क्यासिनो कर्मचारी जयदेव साह जनही १५ हजार रुपैयाँ तथा क्यासिनोका अन्य कर्मचारीहरू विजयकुमार पटेल, दिनेशकुमार पटेल र प्रदेशी साह जनही २० हजार रुपैयाँ धरौटी बुझाएर छुटेका हुन् ।नेपाली नागरिकलाई कानुनविपरीत क्यासिनोमा प्रवेश गराई



जुवा खेलाइरहेको विशेष सुराकीका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साले गत शनिबार राति गण्डकस्थित क्लार्क रिसोर्टमा सञ्चालित सो क्यासिनोमा छड्के अप्रेसन चलाएको थियो । अप्रेसनका क्रममा प्रहरीले गाउँपालिका अध्यक्ष यादव, इन्स्पेक्टर पौडेलसहित ८ जनालाई नियन्त्रणमा लिएको थियो । नेपालको कानुनले क्यासिनोमा नेपाली नागरिकको प्रवेश र जुवा खेल्न–खेलाउन पूर्ण रूपमा निषेध गरेको छ।

● वर्ष ४ ● अंक २८० ● २०८३ साल भाद्र ३० गते मंगलबार ● Tuesday 15, September 2026 ● सूर्योदयः बिहान ०५:४७ बजे ● सूर्यास्तः साँझ ०६:११ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

### महानगरमा मेयर राजेशमान सिंहको 'कमब्याक'
# विशेष अदालतद्वारा सबैलाई सफाइ



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशको एक मात्र महानगर र त्यसमा पनि देशकै आर्थिक राजधानी वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह पुनः महानगरमा फर्किएका छन् । विशेष अदालतले उनलाई भ्रष्टाचारको मुद्दामा सफाइ दिएपछि केही महिनापछि नै महानगरमा मेयर सिंहको कमब्याक भएको हो।

सोमबार भएको सुनुवाइपछि न्यायाधीशत्रय बासुदेव आचार्य, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले सिंहसहित मुद्दामा प्रतिवादी बनाइएका ७ जनालाई नै सफाइ दिएको छ । विशेष अदालतको फैसलासँगै भ्रष्टाचार मुद्दा दायरपछि निलम्बनमा परेका सिंहको मेयर पदसमेत फुकुवा भएको छ।

**एउटा मुद्दा र अर्को विषय**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जेठ २५ गते सिंहसहित ७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

सिंहले अर्काकी छोरीलाई आफ्नै छोरीका रूपमा प्रस्तुत गर्दै झूटो विवरणका आधारमा नागरिकता दिलाएको निष्कर्षसहित अख्तियारले मुद्दा अघि बढाएको थियो। मुद्दा दायर भएसँगै प्रचलित कानुनी व्यवस्थाअनुसार सिंह निलम्बनमा परेका थिए।

अख्तियारका अनुसार सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका–१० की रिता भट्टराईकी छोरीलाई सिंहले आफ्नी छोरी 'रुविना श्रेष्ठ' कायम गरी नागरिकता दिलाउन भूमिका खेलेका थिए। तर सिंहले भने रिता भट्टराई आफ्नी दोस्रो श्रीमती भएको दाबी गर्दै आएका थिए । यही विषयलाई लिएर अख्तियारले सिंहमाथि झूटो विवरणका आधारमा नागरिकता दिलाएको आरोपसहित भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

**मुद्दा दायर भएपछि मेयर पदबाट निलम्बन**
विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएपछि सार्वजनिक पद धारण गरेका व्यक्तिको पद निलम्बन हुने कानुनी प्रावधानका कारण सिंह जेठ २५ गतेदेखि मेयर पदबाट निलम्बित थिए।

अख्तियारको मुद्दाका कारण सिंह महानगरको कार्यकारी नेतृत्वबाट बाहिरिएपछि उनको राजनीतिक तथा प्रशासनिक भूमिकामाथि समेत प्रश्न उठेको थियो । तर, विशेष अदालतको सोमबारको फैसलाले उनीमाथि लगाइएको अभियोगमा सफाइ दिएको छ । उनलाई अभियोग लगाएर सकाउनु पर्छ भन्नेहरुको आवाज कमजोर भएको छ।

**सिंहसहित ७ जना प्रतिवादी थिए**
अख्तियारले सिंहसँगै वीरगंज महानगरपालिका–३ का तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन कार्यवाहक वडा अध्यक्ष तुफैल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षड कुमार पोखरेल, गृह मन्त्रालयका तत्कालीन उपसचिव पुष्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेलविरुद्ध पनि मुद्दा दायर गरेको थियो।

विशेष अदालतले सोमबार सिंहसहित मुद्दामा प्रतिवादी बनाइएका ७ जनालाई नै सफाइ दिएको छ । अदालतको फैसलासँगै सिंहमाथि लागेको भ्रष्टाचार अभियोगमा तत्कालका लागि कानुनी राहत मिलेको छ भने निलम्बनमा रहेको मेयर पद पनि पुनः बहाल हुने अवस्था बनेको छ।

वीरगंजको फोहोरी राजनीतिको सिकार भएका मेयर सिंह पुनः महानगर फर्किने भएका छन् । उनी काठमाडौंमै छन् । मंगलबार मुद्दा छिनाफानोको कागजपत्र लिएर आएपछि उनी महानगरमा पदस्थापन हुनेछन्।

### पुस्तौँदेखि भोगचलन गर्दै आएको
## जग्गाको लालपुर्जा पाएपछि
# मधेशका रैथानेमा खुसी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पुस्तौँदेखि घर बनाएर बसोबास गर्दै आए पनि जग्गाको कानुनी स्वामित्व नपाएका मधेशका रैथाने बासिन्दाले अब धमाधम जग्गाधनी प्रमाणपुर्जा पाउन थालेका छन् । गाउँ ब्लक स्ववासीका नाममा नापी कार्यालयले लालपुर्जा वितरण गर्न थालेपछि वर्षौंदेखि जग्गाको सरकारी कागजविहीन अवस्थामा रहेका स्थानीयमा खुसी छाएको छ।

गाउँ ब्लक भन्नाले विगतमा नापी हुँदा गाउँ वा बस्तीलाई एउटै कित्ताका रूपमा राखी वरिपरिको जग्गा मात्र नापिएको क्षेत्रलाई बुझिन्छ। त्यस्ता क्षेत्रमा पुस्तौँदेखि घर बनाएर बसोबास गर्दै आएका स्ववासीलाई कानुनी स्वामित्व प्रदान गर्ने उद्देश्यले सरकारले नापजाँच तथा जग्गा दर्ताको प्रक्रिया अघि बढाएको हो । जग्गाको सरकारी अभिलेख नहुँदा स्थानीयले लामो समयदेखि अंशबण्डा, नामसारी, खरिदबिक्री तथा बैंकमा धितो राख्नेजस्ता काममा समस्या भोग्दै आएका थिए । अब भने लालपुर्जा प्राप्त भएपछि ती समस्या समाधान हुने विश्वास उनीहरूको छ।

धनुषाको मिथिला बिहारी नगरपालिका–७ मिथिलेश्वर मौवाहीका ७५ वर्षीय रामवृक्ष राउत पाँच पुस्ताभन्दा बढी समयदेखि सोही गाउँमा बस्दै आएका छन्। जीवनको उत्तरार्धमा आएर उनले आफ्नो बसोबास रहेको जग्गाको सरकारी प्रमाणसहितको लालपुर्जा प्राप्त गरेका छन् । नापी कार्यालय धनुषाबाट जग्गाधनी प्रमाणपुर्जा पाएपछि राउत निकै खुसी भएका छन्। नापीनक्सा भएको करिब १० वर्षपछि जग्गाको अभिलेख अद्यावधिक तथा दर्तासम्बन्धी आवश्यक प्रक्रिया पूरा गरेर नापी कार्यालय धनुषाले मिथिलेश्वर मौवाहीका ३ सय १० जनालाई गाउँ ब्लक स्ववासी जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको हो । यसमा साविक मिथिलेश्वर मौवाही गाविसका वडा नम्बर १ देखि ९ सम्मका स्ववासी समेटिएका छन्।

त्यसअघि धनुषाकै मिथिला बिहारी नगरपालिका–४ कजरा रमौलका १ सय १० जनालाई साउन १ गते र सबैला नगरपालिका–११ इनरवाका ५७ जनालाई साउन ३ गते लालपुर्जा हस्तान्तरण गरिएको थियो । यी बस्तीका बासिन्दा पनि पाँचदेखि सात पुस्तादेखि सोही जग्गामा घर बनाएर बसोबास गर्दै आएका थिए। सरकारले २०६७ सालमा गाउँ ब्लकको जग्गा नापीनक्सा गर्ने नीति लिएपछि धनुषामा पनि प्रक्रिया अघि बढाइएको थियो । जनकपुरधाम उपमहानगरपालिकाबाहेक जिल्लाका तत्कालीन १७ वटा स्थानीय तहका सबै वडामा नापी अधिकृतको नेतृत्वमा सर्वे नापी टोली परिचालन गरिएको थियो । २०७३ सालअघिदेखि नै नापीसम्बन्धी काम अघि बढाइएको बताइएको छ।

जग्गाको सरकारी स्वामित्व नहुँदा स्थानीयले पुस्तौँदेखि भोगचलन गर्दै आए पनि त्यसको कानुनी आधार भने पाउन सकेका थिएनन्। अंशबन्डा, साँधसिमाना, खरिदबिक्री र बैंकिङ कारोबारमा देखिँदै आएको समस्या लालपुर्जा प्राप्तिसँगै सहज हुने अपेक्षा गरिएको छ। धनुषामा २०४६ सालको सहरी सर्वे नापीका क्रममा तत्कालीन १ सय १ गाविसमध्ये बिन्धि र बिसपिट्टी गाविसका गाउँ ब्लक स्ववासीलाई जनकपुर नगरसँगै जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको थियो । बाँकी ९९ गाविसका स्ववासीलाई भने अहिले चरणबद्ध रूपमा लालपुर्जा वितरण भइरहेको छ।

हालसम्म ४३ वटा गाउँ ब्लक अर्थात् गाविसका २४ हजारभन्दा बढी स्ववासीले जग्गाधनी प्रमाणपुर्जा पाइसकेका छन्। बाँकी ५४ वटा गाउँ ब्लकका ३० हजारभन्दा बढी स्ववासीलाई लालपुर्जा वितरण गर्ने काम जारी रहेको नापीसम्बन्धी विवरणमा उल्लेख छ । मधेशका विभिन्न गाउँबस्तीमा पुस्तौँदेखि भोगचलन हुँदै आएको जग्गाको सरकारी कागज नहुँदा व्यवहारमा मात्र खरिदबिक्री तथा अन्य कारोबार हुँदै आएको थियो । अब कानुनी स्वामित्व प्राप्त भएपछि जग्गा कब्जा, बलपूर्वक हडप्ने प्रयास, साँधसिमाना विवाद तथा मुद्दामामिलामा समेत कमी आउने स्थानीयको विश्वास छ।

### दस दिन सुरुङमा मृत्युसँग लडेका
# सञ्जय गाउँ फर्किए, परिवारमा छायो खुसी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भोटेकोशी नदीमा आएको बाढीपछि नौ दिनसम्म सम्पर्कविहीन रहेका सप्तरीका सञ्जय साह घर फर्किएपछि गाउँमा खुसी छाएको छ । त्रिशूली–३ 'ए' आयोजनाको सुरुङबाट १०औँ दिनमा उद्धार गरिएका ३० वर्षीय साह आठ दिनको अस्पताल बसाइपछि शुक्रबार साँझ घर पुगेका हुन् । तिलाठी कोइलाडी गाउँपालिकाका साहलाई घर पुगेपछि परिवारका सदस्य, आफन्त तथा गाउँलेले स्वागत गरेका छन्। परिवारले केक काटेर तथा मिठाई बाँडेर उनको पुनरागमनको खुसी साटासाट गरेको हो।

बाढीमा परेर छोरासँग सम्पर्क टुटेपछि भेटिने आशा मर्दै गएको अवस्थामा उद्धार भएको खबर सामाजिक सञ्जालबाट थाहा पाउँदा भगवान्को चमत्कार महसुस भएको सञ्जयका बुबा रामफल साहले बताए। छोरा भेटिने आशा मर्दै गएको थियो। उद्धार भएको खबर देखेपछि भगवान्को चमत्कारजस्तो लाग्यो, उनले भने। सञ्जयकी पत्नी लक्ष्मी साहले श्रीमान् जीवितै फर्किनु आफ्नो परिवारका लागि पुनर्जन्मसरह भएको बताइन् । मेरो श्रीमान् भेटिनुहुन्छ भन्ने आशा मारिसकेको बेला मेरो सिन्दूर र छोरीको बाबालाई भगवान्ले दोस्रो जन्म दिएर पठाउनुभयो । भगवान्, सुरक्षाकर्मी तथा सबैलाई धन्यवाद दिन्छु, उनले भनिन्।

अँध्यारो सुरुङमा दस दिन
बाढी आउन लागेको जानकारी पाएपछि आफूहरू सावधान भएको भए पनि बाहिर निस्किन पर्याप्त समय नपाएको सञ्जयले बताए। साथीहरूलाई बाहिर निस्किन आग्रह गर्दागर्दै ठूलो छालले सुरुङ छोपेको उनको भनाइ छ । 'बाढी आउने जानकारी पाएका थियौँ । साथीहरूलाई निस्किन भन्दाभन्दै र आफू पनि बाहिर निस्किने प्रयास गर्दागर्दै पानीले दिएन । एकैपटक ठूलो छालले छोप्यो । साथीहरू कहाँ–कहाँ कसरी पुग्नुभयो, थाहा भएन,' उनले भने।

सुरुङभित्र बिताएका दस दिन उनका लागि जीवनकै कठिन समय बनेको थियो। दिन हो कि रात, छुट्याउन नसकिने अँध्यारो सुरुङमा दुई–तीन दिन भेन्टिलेसनमा बसेर बिताएको उनले सुनाए । खानेकुराको एक गेडासमेत नभएको अवस्थामा माटो र मोबिल मिसिएको धमिलो पानी कपडामा छानेर घाँटी भिजाउनुको विकल्प नभएको साहले बताए। 'नडराई महामन्त्र जप गरेँ। त्यसपछि हिम्मत बढ्यो,' उनले भने। बाढीले सुरुङको स्वरूप नै परिवर्तन गरिदिएकाले बाटो पहिचान गर्न नसकिएको र आफू मरेतुल्य अवस्थामा पुगेको उनले बताए । चारैतिर अँध्यारो भएकाले रात र दिन छुट्याउन कठिन भएको साहको भनाइ छ।

सुरुङभित्र उद्धारकर्मीले चलाएको मेसिनको आवाज सुनेपछि भने बाँच्ने आशा जागेको साहले बताए।

'उद्धारकर्मीले चलाएको मेसिनको आवाज सुनेपछि बाँच्ने आशा जागेको थियो । सुरुङभित्र हरेक सेकेन्ड बाँच्नका लागि असम्भव संघर्ष गरेँ,' उनले भने । पुनर्जीवन पाएकोमा खुसी भए पनि बाढीमा परेका आफ्ना साथीहरू अझै सम्पर्कमा नआएकामा भने दुःख लागेको उनले बताए। साहलाई नेपाली सेनाले त्रिशूली–३ 'ए' आयोजनाको सुरुङबाट १०औँ दिनमा उद्धार गरेको थियो।

### विनाशकारी बाढी पीडितहरुलाई
# तेली कल्याण समाज पर्साको सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व तेली दिवसको अवसरमा तेली कल्याण समाज पर्साले रसुवामा आएको बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ । समाजले संकलन गरेको उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य सुशील कुमार कानुलाई चेक हस्तान्तरण गरेको हो।




समेबार आयोजित एक समारोहबीच तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साहले १ लाख ५१ हजार रुपैयाँ बराबरको सहयोग रकमको चेक सांसद कानुलाई हस्तान्तरण गर्नुभएको हो । चेक हस्तान्तरण कार्यक्रममा समाजका सचिव वीरेन्द्र साह, उपाध्यक्ष पारस साह, कोषाध्यक्ष नितेश गुप्ता, पर्सागढी नगरपालिकाका अध्यक्ष नन्दु प्रसाद साह, लालबाबु साह, पवन साह, मधुसूदन साह तथा बाराका कपिल देव साह तेलीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता शिव कुमार साहको समेत सहभागिता थियो । तेली कल्याण समाज पर्साले विश्व तेली दिवसलाई सामाजिक सेवा र मानवीय सहयोगसँग जोड्दै विपद्का कारण प्रभावित परिवारका लागि सहयोग

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय

# विपत्तिमा देश–मधेश, खल्लो बन्यो तीज

प्राकृतिक विपत्तिले निम्त्याएको अभूतपूर्व पीडा र शोकाकुल वातावरणका बीच यस वर्षको हरितालिका तीज नेपाली महिला तथा समग्र समाजका लागि हर्ष र उल्लासको पर्व बन्न सकेन। तराई–मधेशका फराकिला मैदानदेखि हिमाली जिल्ला रसुवासम्म बाढी, पहिरो र डुबानले पु¥याएको व्यापक क्षतिले देशैभरि निराशाको छाया पारेको छ। आफ्ना आफन्त गुमाउनुको पीडा, दर्जनौँ नागरिक अझै बेपत्ता हुनुको चिन्ता र हजारौँ परिवार घरबारविहीन भएको स्थितिमा चाडपर्वको परम्परागत रौनक हराउनु स्वाभाविक हो

विपत्तिले देशका विभिन्न भूभागमा जनधनको ठूलो क्षति पु¥याएको छ । अविरल वर्षासँगै आएका बाढी र पहिरोले कतिपय बस्ती नै बगाएको छ भने यातायात, सञ्चार र विद्युत् जस्ता अत्यावश्यक सेवा पूर्ण रूपमा अवरुद्ध भएका छन् । बाढीको तीव्र बहाव र पहिरोको जोखिमका कारण उद्धार तथा राहत कार्यमा समेत कठिनाइ भइरहेको छ । हराइरहेका नागरिकको खोजीमा आफन्तहरू छटपटाइरहँदा र प्रभावित क्षेत्रमा खाद्यान्न तथा शुद्ध खानेपानीको हाहाकार मच्चिरहँदा सिङ्गो देश नै स्तब्ध बनेको छ।

तीज केवल गीत–संगीत, नाचगान र व्रतमा सीमित पर्व मात्र होइन, यो पारिवारिक पुनर्मिलन र सामाजिक सद्भावको थलो पनि हो। तर, जब देशको ठूलो हिस्सा शोक र संकटमा डुबेको हुन्छ, तब कुनै पनि उत्सवले मनलाई छुन सक्दैन । यस्तो संवेदनशील घडीमा धेरैजसो महिला तथा समुदायले भड्किलो उत्सव र फजुल खर्चलाई त्यागेर विपद् प्रभावितहरूप्रति सहानुभूति प्रकट गर्नुले हाम्रो सामाजिक उत्तरदायित्व र मानवीय भावनाको उँचाइलाई थप उजागर गरेको छ।

अहिलेको प्राथमिक आवश्यकता भनेको प्रभावित क्षेत्रमा द्रुत गतिमा राहत र उद्धार कार्य पु¥याउनु हो। सरकार, सुरक्षा निकाय, सामाजिक संघ–संस्था र स्थानीय नागरिकहरू एकजुट भई बेपत्ताहरूको खोजीलाई तीव्रता दिनुपर्छ । साथै, प्रभावित परिवारहरूलाई सुरक्षित आश्रय, स्वास्थ्य उपचार र खाद्यान्नको तत्काल व्यवस्थापन गर्नुपर्छ । यो समय सरकारी तत्परता र सामाजिक ऐक्यबद्धताको कडा परीक्षाको घडी पनि हो।

चाडपर्वहरू आउँदै गर्छन् र जानेछन्, तर मानव जीवन र मानवीय संवेदनाभन्दा ठूलो कुनै पर्व हुन सक्दैन । यो खल्लो तीजले हामीलाई प्रकृतिसँगको हाम्रो सम्बन्ध र सम्भावित जोखिम व्यवस्थापनबारे पुनर्विचार गर्न बाध्य बनाएको छ । बाढी–पहिरोको पीडामा परेका दाजुभाइ तथा दिदीबहिनीहरूको घाउमा मलम लगाउनु नै यस वर्षको तीजको सच्चा सन्देश र धर्म हुनेछ। एकजुट भएर संकटको सामना गर्नु र पुनर्निर्माणमा जुट्नु नै अहिलेको मुख्य दायित्व हो।

# ‘एआई’को प्रयोग गरी कर्मकाण्ड विधिको विकास गरे नेपाली सन्तले

–पूर्णप्रसाद मिश्र /रासस

वैदिक सनातन हिन्दू धर्मावलम्बीले गर्ने नित्य, नैमित्तिक र काम्य कर्मका विधि समावेश गरिएका कर्मकाण्ड विधानलाई कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गरी इन्टरनेटमा राखी सहज बनाइएको छ । धर्म, संस्कृतिको संरक्षणका लागि आम मानिसलाई सेवा गर्ने उद्देश्यले वैदिक अनुसन्धान गुठी (वाग्) ले कर्मकाण्ड विधिलाई सहज रुपमा ‘मोबाइल एप डाउनलोड’ गरी कर्म गर्न, गराउन सकिने गरी सार्वजनिक गरेको हो। यसका लागि वाग्का अध्यक्षसमेत रहनुभएका युवा सन्त डा. स्वामी केशवानन्द गिरिको नेतृत्वमा ४० जना जनशक्तिले दुई वर्षसम्म गृहकार्य गरिएको थियो। धर्म रक्षा र वैदिक सनातन हिन्दू धर्मावलम्बीको सेवाका लागि दान दिएका दाताको करिब ७० लाख रुपैयाँको लागतमा यो काम सम्भव भएको हो।

विश्वमै पहिलोपटक मोबाइल एपमा यो सेवा उपलब्ध गराउन सफल भएको उहाँले बताउनुभयो। यो एपको प्रयोग गरी कर्म गराउने गुरु पुरोहित र कर्म गर्ने कर्ताले समेत धर्मशास्त्रसम्बन्धी जिज्ञासा पनि राख्नसक्ने व्यवस्था मोबाइल एपमा गरिएको छ। शुक्ल यजुर्वेद, माध्यन्दिनीय शाखा सूत्र भएकाका कर्मको निर्धारण गरिने धर्मसिन्धु, निर्णयसिन्धु, याज्ञवल्क्य स्मृतिलगायत ग्रन्थमा भएको व्यवस्थाअनुसार प्रश्नकर्ताले इन्टरनेटकै माध्यमबाट सोधिएका जिज्ञासाको जवाफ पाउने डा स्वामी केशवानन्द गिरि बताउनुहुन्छ।

यो एपमा पात्रो (पञ्चाङ्ग) पनि राखिएको छ । सूर्य सिद्धान्त र दृग् गणना दुवै आधारमा गणित गरिएको पात्रो एपमा राखिएको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रोमा राखिएका मुहूर्त र साइतमा पनि एपमा समावेश गरिएको छ । मुहूर्त पछिसम्म हेर्न सकिने गरी एपमा राखिएको छ। दैनिक, मासिक र वार्षिक राशिफल पनि यो एप डाउनलोड गर्ने प्रयोगकर्ताले हेर्न पाउनेछन्।

प्रयोगकर्ताले राखेको वास्तविक समयका आधारमा सङ्कल्प पनि एपले देखाउँछ। गुरु पुरोहितले यसको वाचन मात्र गरेर कर्म गराउन सक्छन् । सङ्कल्पमा उल्लेख गर्नुपर्ने सबै विषय वास्तविक समय र स्थानका आधारमा एआईले एपमै उपलब्ध गराउँछ। यसका लागि नेपालका करिब सात हजार नदी, नालाको नाम पनि यो एपमा समावेश गरिएको छ। नेपालका तीर्थहरु पनि यो एपमा राख्ने क्रम अन्तिम चरणमा पुगेको स्वामी केशवानन्द गिरिले बताउनुभयो।

विश्वका मुख्य, मुख्य नदी पनि समावेश गरिएको छ । विश्वका विभिन्न भागमा रहेका अन्य नदी, नालालाई समावेश गर्ने क्रम चलिरहेको पनि उहाँले सुनाउनुभयो। विश्वको जुन कुनामा बसेर यो एपमा वास्तविक समय राखिन्छ। त्यी समय र स्थानका आधारमा एआई विधिबाट एकै छिनमा सङ्कल्प तयार भएर मोबाइलको स्क्रिनमा आउँछ। जसले गर्दा शुद्ध कर्म गराउने गुरु, पुरोहितको अभाव रहेको अवस्थामा सहज रुपमा कर्म गराउन सहयोग मिल्छ।

**चार भाषामा कर्मकाण्ड विधि**

वेदका मूल मन्त्र संस्कृत भाषामै राखिएको छ । कर्मकाण्डको विधि भने नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दी गरी चार भाषामा राखिएको छ। जसबाट विश्वको जुनसुकै कुनामा रहेका वैदिक सनातन हिन्दू धर्मावलम्बी लाभान्वित हुनेछन्। कुन कर्मका लागि पूजा सामग्री के कति चाहिन्छ ? यजमानले के के गर्नुपर्छ ? भन्ने प्रश्नको जवाफ पनि एपबाट नै पाउन सकिन्छ। कर्म गराउने ब्राह्मण र कर्म गर्ने यजमानको कर्तव्य पनि एपमा उपलब्ध गराइएको छ। कुन कर्ममा के आवश्यक पर्छ र केलाई निषेध गरिएको छ भन्ने पनि स्पष्ट रुपमा राखिएको छ। मात्रासहितको पूजा सामग्रीको जानकारी यो एपबाट पाइन्छ । गुरु, पुरोहित र यजमान दुवै थरीले हेर्न मिल्ने गरी ‘सफ्टवेयर’ विकास गरिएको छ । सुरु गरेको चार महिनाभित्रमा यसका सबै अङ्ग स्थापित हुने गुठीले जनाएको छ।

एपमा चान्द्रमासअनुसार तिथि राखिएको छ । गोत्र, प्रवरको सूची पनि यहीँ राखिएको छ । यो एपमा कम्पास पनि राखिएको छ। जसबाट कुन दिशा कता हो भन्ने जानकारी लिएर कर्म गराउन सहज बनाउँछ । विभिन्न तिथि, मितिलगायतको परिवर्तन (कन्भर्ट) गर्ने सेवा पनि यो एपले उपलब्ध गराएको छ। यो एप मोबाइलमा ‘डाउनलोड’ गरेर अफलाइनमा पनि कर्म गराउन सकिन्छ। तर अफलाइनमा रहेका बेला वास्तविक समय र स्थान राखेपछि आउने सङ्कल्प भने आउँदैन । यो एपमा कुण्डली निर्माणको वाग् ‘सफ्टवेयर’ पनि राखिएको छ। एआईले गर्ने फलादेश पनि यहीँबाट पाउन सकिन्छ।

धर्मशास्त्र र ज्योतिषसहितको यो कर्मकाण्ड ‘सफ्टवेयर’ नेपालमा मात्र नभई विश्वमै पहिलो भएको यसको निर्माणमा अहोरात्र दुई वर्ष खटिनुभएका स्वामी केशवानन्द गिरिले जानकारी दिनुभयो। यस्तो ‘सफ्टवेयर’ अहिलेसम्म भारतमा पनि बनेको थिएन । जसलाई कम्प्युटरको अत्याधुनिक प्रविधि एआईको प्रयोग गरेर निर्माण गरिएको छ। यो एआई मोडललाई ‘टे«न’ गर्न वाग्ले अमेरिकाबाट नेपाली रु १० लाख पर्ने अत्याधुनिक कम्प्युटरसमेत नेपाल भित्र्याएको उहाँले बताउनुभयो। यसका लागि वाग् अमेरिका शाखाका अध्यक्ष तुलसीराम सुवेदीले पनि सहयोग गर्नुभएको छ।

यो एपमा राख्न विवाह, व्रतबन्धको विधि पनि तयार भएको छ। सबै देवी, देवताका स्तोत्र पनि यही एपमा राख्न लागिएको छ । वाग्ले धर्म सेवाको मुख्य उद्देश्यले यो काम गरेकाले अहिलेलाई मोबाइलमा डाउनलोड गरी निःशुल्क उपयोग गर्न सकिन्छ । यसबाट धर्मरक्षाका साथै धर्मशास्त्रका ग्रन्थको पनि सुरक्षा हुने विश्वास गरिएको छ । यसबाट वैदिक वाङ्मयको विश्वव्यापी प्रचार पनि हुनेछ। यो काम नेपालबाटै हुनुले वैदिक ज्ञानको विश्वव्यापी नेतृत्वले नेपाल गर्नसक्ने सन्देश पनि प्रवाह हुनेछ।

**शास्त्रीय ग्रन्थ अनुवाद गरेर एपमा राखिने**

रामायण, महाभारतलगायत पूर्वीय दर्शनका ग्रन्थको नेपाली अनुवाद गरी यो एपमा राख्नका लागि पनि काम भइरहेको छ । यसमा विद्वान्हरुले काम गरिरहनुभएको छ । स्वामी केशवानन्द गिरिले नै तयार पार्नुभएको नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दी भाषामा बनाइएको शब्दकोश पनि यो एपमा राखिने छ । एक दशकअघि उहाँले यो शब्दकोश मोबाइल र कम्प्युटरमा खोल्न सकिने गरी उहाँले तयार गर्नुभएको हो।

नेपालभर रहेका धार्मिक तीर्थस्थल, गुरुकुल, गौशालाको जानकारी पनि यो एपमा समावेश गरिने छ। यी सामग्री पनि एक वर्षभित्र एपमा राखिसक्ने गरी वाग्ले काम गरिरहेको छ । एपका माध्यमबाट कर्म गराउन सहज हुन्छ। मोबाइल राखेर कर्म गराउँदा पुस्तक राखेजस्तो आस्था भने नहुन सक्छ । जुनसुकै कर्म गराउन ठूला, ठूला पुस्तक बोकेर हिँड्नु पर्दैन। एप डाउनलोड गरेको मोबाइल बोके पुग्छ । मोबाइलमा आउने एपको प्रयोग गर्दा यसको पठनपाठनमा कमी आउन सक्छ। यो एपको प्रयोग गर्दा केही बेफाइदा भए पनि धेरै भने फाइदा नै छन्।

शुद्ध सङ्कल्प र वाक्य मोबाइल एपमै आउने भएकाले विश्वका जुनसुकै कुनामा पनि धार्मिक कृत्य गर्दा एकरुपता र शुद्धता हुन्छ। यो एपको प्रयोग नगरी पुस्तकका आधारमा कर्म गर्दा ठाउँ अनुसार कर्म गराउने विधिमा केही फरक हुने गरेको थियो । मोबाइलमा विधिका पुस्तक उपलब्ध हुँदा पुस्तक राख्ने ठाउँको आवश्यकता पर्दैन । यो एपले नयाँ पुस्तालाई धर्म, संस्कृतितर्फ आकर्षण गराउन सहयोग गर्छ।

देशका विभिन्न भागमा कर्मकाण्ड गराउने गुरु, पुरोहितलाई यो प्रविधिका बारेमा प्रशिक्षित गराउने योजना पनि वाग्को छ। कर्म गराउन सक्ने गुरु, पुरोहितको परीक्षा लिएर सूची पनि एपमै राखेर यजमानलाई पनि सहज बनाइने स्वामी केशवानन्द गिरिले बताउनुभयो। यसरी लिइने परीक्षा पनि अनलाइन प्रविधिबाट नै गरिने योजना पनि वाग्ले अघि सारेको छ । अनलाइन परीक्षापछि कर्मकाण्ड गराउने गुरु, पुरोहितको योग्यताअनुसारको सूची मोबाइल एपमै उपलब्ध गराइने छ। यसका लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिसँग पनि सहकार्य गर्न सकिने उहाँले बताउनुभयो। जसबाट यजमानलाई योग्य गुरु, पुरोहितका विषयमा जानकारी पाउन सजिलो हुन्छ।

एपको यो सुरुवाती भर्सन भएकाले यसमा सुधार गर्दै जाने स्वामी केशवानन्द गिरि बताउनुहुन्छ। विदेशमा रहेका नेपालीलाई धर्म र आस्थासँग जोड्न यसले सहज रुपमा सहयोग गर्छ। गौशाला, गुरुकुलका विषयमा एपमा जानकारी राखेपछि प्रत्येक कर्म गर्दा गोदानका रुपमा गुरु, पुरोहितले लिने दक्षिणा कर्म गरेको नजिकको गौशालालाई दिन चाहनुहुन्छ कि ? भन्ने जिज्ञासा पनि गुरु, पुरोहितलाई एपमै राखिनेछ। दिन चाहेमा अनलाइनबाट त्यो रकम दिन सकिने गरी ‘सफ्टवेयर’ विकास गरिएको छ । नजिकको गुरुकुलका विषयमा जानकारी एपमा राखेपछि सिदा गुरुकुललाई दिने कि भनी अनलाइनबाट सोधिनेछ । गुरु, पुरोहितले चाहेमा दिन सक्नेछन्। सम्बन्धित कर्मबाट प्राप्त भएको दक्षिणाको १० प्रतिशत रकम पनि ती गौशाला, गुरुकुल वा नजिकको तीर्थस्थललाई दिन चाहेमा दिन सकिने व्यवस्था मिलाइएको छ । यसका माध्यमबाट वाग्ले यो शिक्षाको सुरक्षा गर्न खोजेको हो।

**वैदिक सनातन धर्म र संस्कृतको अध्ययन, अनुसन्धानका लागि वाग्**

वैदिक सनातन धर्म र संस्कृत शिक्षाको अध्ययन, अनुसन्धान, संरक्षण, प्रवद्र्धन र प्रचारप्रसार गरी वैदिक वाङ्मय एवं संस्कृतभित्र निहित ज्ञानविज्ञानको महत्व दर्शाउने उद्देश्यले वाग्को स्थापना भएको हो। नेपालभित्र मात्र नभई सम्पूर्ण विश्वमा संस्कृतको महत्व बढिरहेको बेला अध्ययन, अनुसन्धान, विश्लेषण तथा खुला, पारदर्शी, न्यायपूर्ण, आत्मनिर्भर र समतामूलक समाज निर्माण गर्ने कार्यमा वैदिक वाङ्मयको सार्वकालिक, सार्वभौम तथा सार्वजनीन उपयोगिता सिद्ध गर्न गुठीले काम गरिरहेको छ।

यसका लागि आवश्यक अध्ययन–अनुसन्धान गर्दै वर्तमान र भावी पुस्ताका नेपाली एवं विश्व समुदायलाई समेत गुठीको उद्देश्य पूर्तिका लागि प्रोत्साहित र अभिप्रेरित गर्न नागरिकस्तरमा एक अध्ययन, अनुसन्धान र जागरणमूलक गुठी स्थापना गर्न आवश्यक देखिएकाले डा स्वामी केशवानन्द गिरिको सत्सङ्कल्पमा वैदिक अनुसन्धान गुठी (वाग्) नामक एक सार्वजनिक गुठी स्थापना गरिएको हो।

गुठीले शुक्लयजुर्वेद संहिता, अनुवाद चन्द्रिकाका चार भाग, रुद्राष्टाध्यायी, संस्कार शिक्षाका तीन भाग, दशशान्तिमन्त्र, छन्दःशिक्षा, श्रीमद्वाल्मीकी यरामायणका दुई खण्ड, वैदिक पञ्चाङ्ग र वाग् नेपाली संस्कृत शब्दकोश प्रकाशन गरिसकेको छ । यो एपको निर्माणमा सहयोग गर्नुभएका नेपाली मूलका भुटानी सुवेदी हाल अमेरिकाबाट वाग्को आश्रम गौरीघाट आएर वैदिक वाङ्मयको अध्ययनमा लाग्नुभएको छ। यो एपले वैदिक ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण गर्न सहज हुने बताउनुहुन्छ । मोबाइल फोन, ट्याब्लेट, ल्यापटपजस्ता आधुनिक उपकरण प्रयोग गर्ने नव पुस्तालाई ती माध्यमबाट हेर्न र अध्ययन गर्न सकिने एपको विकासले यसतर्फ आकर्षित गर्ने विश्वास पनि उहाँको छ। अडियो, भिडियो र पोडकास्टका माध्यमबाट वैदिक वाङ्मयका बारेमा बुझाउन पनि एपले सहयोग गर्ने विश्वास गरिएको छ।

अमेरिकामा कर्मकाण्ड समेत गर्ने सुवेदी बुबाको पुस्ताबा आफ्नो पुस्तामा आउँदा कर्मकाण्ड गराउने गुरु, पुरोहितको सङ्ख्यामा ५० प्रतिशतले कमी आएको सुनाउनुहुन्छ । अमेरिकाको भर्जिनिया, न्यूयोर्क र क्यालिफोर्नियाजस्ता शहरमा धेरै नेपाली र हिन्दू धर्मावलम्बी पनि भएकाले त्यस्ता ठाउँमा यो एपको महत्व हुने उहाँको विचार छ । नेपालमा क्रियाशील युवा पुस्ताका पण्डितलाई पनि यो एपले आकर्षित गर्ने देखिन्छ । गुरु, पुरोहितका रुपमा विगत दुई दशकदेखि काम गर्दै आउनुभएका कागेश्वरी मनोहरा नगरपालिका–६ मूलपानीका ४३ वर्षीय विदुर सापकोटा यो एपले किताब बोक्नुपर्ने झन्झट नहुने र सङ्कल्प एवं वाक्य पनि शुद्ध हुने भएकाले कर्म गराउन सहयोग पुग्ने बताउनुहुन्छ।

# माइतीको आँगनदेखि सामाजिक सञ्जालसम्म: बदलिँदो तीज

–जनक श्रेष्ठ / रासस

तीज भन्नेबित्तिकै धेरैका आँखामा रातो सारी, हरियो चुरा, पोते, नाचगान र दरको सम्झना आउँछ तर तीज केवल एउटा चाडको नाम होइन, नेपाली महिलाको जीवन, सम्बन्ध, संस्कार र समयसँगै बदलिँदै गएको सामाजिक अवस्थाको कथा पनि हो । एक समय थियो, तीज विवाहित चेलीका लागि माइती पुग्ने दुर्लभ अवसर थियो।

वर्षभरि कर्मघरको काममा व्यस्त हुने बुहारीका लागि माइतीको आँगनमा पुगेर दिदीबहिनी भेट्नु, सुखदुःख साट्नु र मनका कुरा गीतमार्फत पोख्नु नै तीजको ठूलो खुसी थियो। अहिले भने तीजको स्वरूप फेरिएको छ । यातायात र सञ्चारको सुविधा बढेको छ। माइती पुग्न कसैको बाटो कुरिरहनु पर्दैन। तीज आउनुअघि नै दर खाने कार्यक्रम सुरु हुन्छ। साथी तथा दिदीबहिनी रेस्टुरेन्ट र समारोहमा भेटिन्छन् । तीजका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरिन्छन्।

दोर्दी गाउँपालिका–३ की ७० वर्षीया यशोदा घिमिरेका लागि तीजको सम्झना अझै माइतीसँग जोडिएको छ । उहाँका अनुसार पहिले तीज विवाहित चेलीका लागि माइती भेट्ने प्रमुख अवसर थियो । विवाहपछि टाढाटाढा पुग्ने र वर्षभरिमा माइती आउजाउ गर्न सहज नहुने भएकाले तीजमा माइती जान पाउनु ठूलो अवसर मानिन्थ्यो । त्यतिबेला सवारीसाधनको सुविधा थिएन । टाढा माइती जान घण्टौँ हिँड्नुपथ्र्यो।

तीज आउन केही दिनअघि नै बाबु, दाजु वा भाइ चेलीलाई लिन कर्मघर पुग्ने चलन थियो । कतिपय चेली आफैँ पनि माइती जाने गर्थे । ‘त्यतिबेला अहिले जस्तो सवारीसाधन र सञ्चारका माध्यम थिएनन् । टाढा भएका माइतीसम्म पुग्न घण्टौँ हिँड्नुपथ्र्यो । त्यसैले तीजमा माइती भेट्नु नै ठूलो कुरा हुन्थ्यो,’ उहाँले भन्नुभयो । माइती पुगेपछि दिदीबहिनी तथा चेलीबेटी एकै ठाउँमा जम्मा हुन्थे । नाचगान हुन्थ्यो, सुखदुःखका कुरा हुन्थे । घरपरिवारमा भोगेका पीडा, गुनासा र मनका कुरा तीजका गीतमार्फत सुनाउने गरिन्थ्यो। त्यसबेला फोन वा सामाजिक सञ्जाल थिएनन्। टाढा भएका आफन्तसँग प्रत्यक्ष भेटेरै कुरा गर्नुपथ्र्यो । त्यसैले तीज महिलाका लागि मनको भारी बिसाउने अवसर पनि थियो।

छोरी–चेली आउने भएपछि माइती पक्ष पनि बाटो हेरेर बस्थ्यो। घरमा चेलीका लागि दरको जोहो गरिन्थ्यो। उपलब्ध खाद्य सामग्री जुटाएर विशेष खाना बनाइन्थ्यो । सबैजना भेला भएर खाने, नाच्ने र रमाइलो गर्ने गरिन्थ्यो तर तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे। घरको कामलाई प्राथमिकता दिइने भएकाले कतिपयलाई सासू–ससुराले माइती जान अनुमति नदिने अवस्था थियो । बुहारीले घरधन्दा र अन्य काममा बढी समय दिनुपर्ने भएकाले माइतीसँग भेटघाट गर्ने अवसर सीमित हुन्थ्यो । ‘तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे। घरको काम गर्नुपर्छ भनेर कतिपयलाई जान दिइँदैनथ्यो । त्यतिबेला काम नै ठूलो कुरा मानिन्थ्यो,’ उहाँले भन्नुभयो।

बेँसीसहर नगरपालिका–२ भकुण्डेकी ४४ वर्षीया पार्वती क्षेत्रीले भने आफ्नो पुस्तासम्म आइपुग्दा तीज मनाउने तरिकामा विस्तारै परिवर्तन आएको अनुभव गर्नुभएको छ । अघिल्लो पुस्ताको तुलनामा महिलामा चेतना बढ्दै गएपछि चेलीलाई माइती जान दिने र महिलाले पनि चाडपर्व मनाउन पाउनुपर्ने सोच विकास हुँदै गएको उहाँ बताउनुहुन्छ । ‘पहिलेभन्दा विस्तारै चेतना बढ्दै गयो। माइती जानुपर्छ, चाडपर्व मनाउन पाउनुपर्छ भन्ने कुरा पनि बुझ्न थालियो । त्यसपछि माइती जाने र भेटघाट गर्ने अवस्था अलि सहज हुँदै आयो,’ उहाँले भन्नुभयो।

सडक र सवारीसाधनको पहुँच बढेपछि माइती आउजाउ अझ सहज भयो । पहिले बाबु, दाजु वा भाइ चेलीलाई लिन आउनुपर्ने अवस्था भए पनि पछि त्यो चलन क्रमशः कम भयो । फोनको सुविधा आएपछि माइतीबाट फोन गरेर बोलाउने र चेली आफैँ जाने क्रम बढ्यो । तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने परम्परा भने कायम रह्यो । विवाहित महिलाले श्रीमानको दीर्घायु तथा परिवारको सुख–समृद्धिको कामना गर्दै व्रत बस्ने, दिनभरि साथीसङ्गीसँग भेटघाट गर्ने र नाचगान गरेर तीज मनाउने गरेको उहाँ बताउनुहुन्छ । ‘तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने चलन थियो। श्रीमान्को आयु लामो होस्, सबै राम्रो होस् भनेर व्रत बसिन्थ्यो । दिनभरि साथीसङ्गीसँग भेटेर नाचगान गर्दै सुखदुःख साटेर तीज मनाउँथ्यौँ,’ उहाँले भन्नुभयो।

बेँसीसहरकी २५ वर्षीया स्वेच्छा श्रेष्ठले भने आफूले देख्दै र भोग्दै आएको तीज अघिल्लो पुस्ताको भन्दा निकै फरक रहेको बताउनुहुन्छ । उहाँका लागि तीज महिलाको पर्व हो । तीजमा दर खाने, व्रत बस्ने र श्रीमान्को दीर्घायुको कामना गर्ने परम्पराबारे उहाँ जानकार हुनुहुन्छ । ‘तीज भनेको महिलाहरूको पर्व हो भन्ने बुझेकी छु । तीजमा व्रत बस्ने, अघिल्लो दिन दर खाने र श्रीमान्को आयु लामो होस् भनेर कामना गर्ने चलन हो भन्ने बुझेकी छु,’ उहाँले भन्नुभयो।

उहाँका अनुसार अहिले तीज आउनुभन्दा महिनौँअघि देखि नै दर खाने कार्यक्रम सुरु हुन्छन् । साथी तथा महिलाहरू समूह बनाएर पार्टी, समारोह र रेस्टुरेन्टमा जाने, दर खाने र रमाइलो गर्ने चलन बढेको छ । परम्परागत खानासँगै मासु, चिउरा तथा विभिन्न पेयपदार्थसहितका कार्यक्रम पनि हुन थालेका छन् । पहिरन र गरगहनामा प्रदर्शनको प्रवृत्ति बढेको उहाँको अनुभव छ । कसले राम्रो पहिरन लगाउने र कसले बढी आकर्षक देखिने भन्ने प्रतिस्पर्धा देखिन थालेको उहाँ बताउनुहुन्छ।

तीज मनाएका तस्बिर, भिडियो तथा कार्यक्रमका गतिविधि सामाजिक सञ्जालमा पोस्ट गर्ने चलन पनि अहिले बढ्दै गएको छ । यसले तीजलाई घर, माइती र समुदायको सीमाबाट निकालेर सामाजिक सञ्जालको सार्वजनिक संसारमा पु¥याएको छ । तीजका गीतको स्वरूपमा आएको परिवर्तनप्रति भने उहाँको चिन्ता छ। पहिले धार्मिक भावना, मौलिक संस्कार–संस्कृति तथा महिलाका सुखदुःख समेटिएका गीत गाइन्थे। अहिले तीजका नाममा मनोरञ्जन र नाचगानलाई बढी प्राथमिकता दिने गीत आउने गरेको उहाँको बुझाइ छ।

नेपाली मौलिक गीतसँगै विदेशी गीतमा पनि नाचगान गर्ने चलन बढेको उहाँ बताउनुहुन्छ । ‘अहिले तीजको नाममा रमाइलो र नाचगानलाई बढी प्राथमिकता दिइएको जस्तो लाग्छ । मौलिक तीजका गीत र परम्परा जोगाउन सबैले सचेत भएर लाग्नुपर्छ,’ उहाँले भन्नुभयो । उहाँ सम्भव भएसम्म गाउँघरमै, नभए आफ्नै घरमा साथीहरूसँग भेला भएर तीज मनाउने पक्षमा हुनुहुन्छ।

तीजलाई केवल रमाइलो र प्रदर्शनको पर्वभन्दा पनि सुखदुःख साट्ने तथा मौलिक परम्परा र संस्कृतिसँग जोडेर मनाउनुपर्ने उहाँको धारणा छ। तीन पुस्ताका यी अनुभवले तीजको बदलिँदो तस्वीर देखाउँछन्। हिजो तीज माइती पुग्ने र मनका पीडा पोख्ने अवसर थियो । त्यसपछि सडक, सवारीसाधन र फोनसँगै माइती आउजाउ सहज भयो। अहिले तीज रेस्टुरेन्ट, समारोह र सामाजिक सञ्जालसम्म विस्तार भएको छ।

माध्यम फेरिए पनि तीजको केन्द्रमा रहेको चेली र माइतीको सम्बन्ध, सुखदुःख साट्ने चाहना र आफ्नो संस्कृतिप्रतिको अपनत्व भने हराउनु हुँदैन । तीजलाई समय अनुकूल बनाउँदै लैजाँदा त्यसको मौलिकता जोगाउने चुनौती पनि सँगसँगै आएको छ । माइतीको आँगनबाट सुरु भएको तीजको यात्रा आज सामाजिक सञ्जालसम्म आइपुगेको छ । अबको प्रश्न यही हो–परिवर्तनसँगै अघि बढ्दा तीजको मौलिक आत्मालाई कसरी जोगाउने ?

# वीरगंजमा हर्षोल्लासका साथ तीज पर्व मनाइयो



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा हरितालिका तीजसँगै गणेश चतुर्थी महोत्सव पनि एकसाथ मनाइएको छ। भदौ शुक्ल तृतीयाका दिन भगवान शिव र माता पार्वतीको पूजा–उपासना गर्दै महिलाहरूले तीजको व्रत बसेका छन्। तीजमा व्रत बसे पारिवारिक सुख, शान्ति र कल्याण प्राप्त हुने धार्मिक विश्वास छ।

आइतबार दर खाएसँगै सुरु भएको तीज पर्व भोलि ऋषि पञ्चमी मनाएपछि सकिनेछ। तीजका अवसरमा वीरगंजको अलखियामठ, कलैयाको सिद्धेश्वर मन्दिर, पशुपतिनाथसहित देशभरका शिव मन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ।

यसैबीच, सोमबार गणेश चतुर्थी तथा चौरचन पर्व पनि मनाइएको छ। वीरगंजको माइस्थान मन्दिर परिसर तथा घडिअर्वा राममन्दिरमा पनि आजदेखि गणेश चतुर्थी महोत्सव सुरु भएको छ।

माईस्थान युवा क्लब, जय गणेश झन्कार मण्डल परिवार तथा जय गणेश पूजा सञ्चालक समितिको आयोजनामा सुरु गरिएको गणेश चतुर्थी महोत्सवमा ५ दिनसम्म चल्ने छ।

सो महोत्सवमा बेलुकी सन्ध्या आरति,महाप्रसाद वितरण ,अखण्ड ज्योति, भजनकिर्तन र धार्मिक सांस्कृतिक कार्यक्रम आयोजना गरिने ज्योतिषाचार्य पण्डित पुरुषोत्तम दुवेले बताए। विघ्नहर्ता तथा शुभकार्यका देवता मानिने भगवान गणेशको पूजा गरेमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको छ।

# दुर्घटनामा घाइते दुई युवकको उपचारको क्रममा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा स्कुटरको ठक्करबाट गम्भीर घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ। भदौ २६ गते साँझ चौरसिया गेट चोकमा घण्टाघरबाट पावरचोकतर्फ जाँदै गरेको स्कुटरले पैदलयात्रीलाई ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते वीरगंज महानगरपालिका–८ निवासी शेखर गुजरातीको परवानीपुरस्थित एल.एस. न्युरो अस्पतालमा उपचारका क्रममा सोमबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनापछि मृतकका परिवारजन सम्पर्कमा आएका छन्। दुर्घटनामा संलग्न स्कुटर नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको छ।

यसैगरि बाराको कलैया उपमहानगरपालिका–५ बाल मन्दिरस्थित सडकमा भएको सवारी दुर्घटनामा परेर घाइते भएका युवकको उपचारका क्रममा मृत्यु भएको छ। गत शुक्रबार ना २० प ९२४६ नम्बरको मोटरसाइकल र म प्र ०३/००१ ह ६११३ नम्बरको इ–रिक्सा आपसमा ठोक्किएर सवारी दुर्घटना हुदाँ मोटरसाइकलका चालक कलैया उपमहानगरपालिका–१७ का २७ वर्षीय अमित पटेल गम्भीर घाइते भएका थिए।

घाइते पटेलको सुरुमा राज लक्ष्मि अस्पताल कलैयामा प्रारम्भिक उपचार गरिएको थियो। तर, लिभरमा जटिल समस्या देखिएपछि थप उपचारका लागि उनलाई मेडिसिटी अस्पताल ललितपुर लगिएको र लिभरको अप्रेशन गरी उपचार भइरहेको अवस्थामा गएराति चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

# वैदेशिक रोजगारीको नाममा ५० लाख ठगी बाराका एक युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वैदेशिक रोजगारीका लागि सर्बियालगायतका देश पठाइदिने भन्दै करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा पर्सा प्रहरीले बाराका एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा प्रसौनी गाउँपालिका–१ का करिब २३/२४ वर्षीय सागर पटेल रहेका छन्।

वीरगंज महानगरपालिका–२८ बगहीका ओमप्रकाश राउतका अनुसार पटेलले सर्बियालगायतका देशमा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई आकर्षक तलबको प्रलोभन देखाएर रकम लिएका थिए। पटेलले नपढेलेखेका व्यक्तिले समेत विदेशमा मासिक १ लाख रुपैयाँसम्म कमाउन सक्ने भन्दै विश्वास दिलाएको पीडितहरूको भनाइ छ।

विदेश पठाउने प्रक्रिया पूरा भएको देखाउन उनले एनोसी, भिसालगायतका कागजातसमेत च्याटजीपीटी तथा अन्य एआई प्रविधिको प्रयोग गरेर तयार गरी पीडितलाई देखाएको आरोप लगाइएको छ।

विदेश पठाउने भन्दै रकम लिएपछि रकम फिर्ता माग्दा विभिन्न बहाना बनाउँदै आएको उनीहरूको भनाइ छ।

पीडितहरूले आफूहरूले बुझाएको रकम फिर्ता गराउन तथा सागर पटेलमाथि कानुनी कारबाही गर्न माग गरेका छन्। प्रहरीले पटेललाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## स्वास्थ्य सेवा कि व्यापार ?

# बबिताको प्रसवदेखि पविताको मृत्युसम्म: स्वास्थ्य प्रणालीको भयावह स्थिति !



**मधेशदृष्टि**
**सप्तरी।**
प्रसव पीडाले छटपटाइरहेकी महिला पैसा अभावकै कारण अस्पतालबाट बाहिरिनुपरेर सडकपेटीमा बच्चा जन्माउन बाध्य हुनुजस्तो विडम्बना अर्को के हुन सक्छ ? संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकार दिएको छ। आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गर्न नहुने संवैधानिक व्यवस्था छ। सुरक्षित मातृत्वका कार्यक्रम पनि सञ्चालनमा छन्। तर, व्यवहारले भने संविधानका यी प्रावधानलाई नै चुनौती दिइरहेको देखिन्छ।

भदौ २४ गते राति करिब २ बजे सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालबाहिर देखिएको दृश्यले यही प्रश्न उठाएको छ। राजविराज नगरपालिका–१४, पर्साहीकी बबिता पासवान प्रसव पीडामा अस्पताल पुगेकी थिइन्। तर ल्याबमा रगत, पिसाबलगायत परीक्षण गराउन आवश्यक रकम उनीसँग थिएन। अन्ततः अस्पताल परिसरबाहिर सडकपेटीमै उनले बच्चा जन्माउनुप¥यो। सीसीटीभी फुटेज सार्वजनिक भएपछि घटना एकाएक चर्चामा आयो। सामाजिक सञ्जालदेखि संसद्सम्म प्रश्न उठ्यो। सरकार र स्वास्थ्य सेवा प्रणालीमाथि आलोचना भयो।

चुनावका बेला वर्तमान प्रधानमन्त्री वालेन्द्र शाहले 'खल्तीमा पैसा नभएको विपन्न गरिबले स्वास्थ्य उपचार पाउनुपर्छ' भन्दै दिएको अभिव्यक्तिसमेत पुनः चर्चामा आयो। विडम्बना के हो भने, त्यही बालेन्द्र शाह अहिले प्रधानमन्त्री छन् र उनकै कार्यकालमा पैसा अभावकै कारण एउटी गर्भवती महिला अस्पतालबाहिर सुत्केरी हुनुपर्ने अवस्था सिर्जना भयो। घटना सार्वजनिक भएपछि स्वास्थ्य मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सप्तरीले छुट्टाछुट्टै छानबिन समिति बनाए। अस्पताल प्रशासनले चिकित्सकसहित ६ जना कर्मचारीलाई तत्कालका लागि कामकाजबाट हटायो। बबितालाई घरबाट ल्याएर पुनः अस्पताल भर्ना गरी उपचार पनि सुरु गरियो। यी कदम तत्कालका लागि आवश्यक थिए। तर, समस्या यतिमै सकिँदैन।

**घटना भाइरल नभएसम्म विपन्नले न्याय नपाउने ?**
बबिताजस्ती कुनै विपन्न महिलाले स्वास्थ्य सेवा पाउन सामाजिक सञ्जालमा भिडियो भाइरल हुनैपर्ने हो ? सडकमा विरोध हुनैपर्ने हो ? संसद्मा विषय उठ्नैपर्ने हो ? यदि घटना सार्वजनिक नभएको भए बबिताको अवस्था कसले हेर्थ्यो ? अस्पतालको ढोकाबाट बाहिरिएर सडकपेटीमा बच्चा जन्माउन बाध्य भएकी महिलाको पीडा राज्यको नजरमा पर्ने आधार के थियो ?

घटना बाहिर आएपछि सरकार सक्रिय हुने, छानबिन समिति बन्ने र केही कर्मचारीलाई कारबाहीको दायरामा ल्याउने अभ्यासले मूल समस्या समाधान गर्दैन। स्वास्थ्य सेवाको संरचनामै रहेका कमजोरी पहिचान गरी त्यसलाई सच्याउने दीर्घकालीन योजना आवश्यक छ। बबिताले भोगेको पीडा केही दिनको छानबिनले मेटाउन सक्दैन। यही घटनाले मधेसमा स्वास्थ्य सेवाको अवस्था र राज्यको नियमन प्रणालीसँग जोडिएको अर्को पीडादायी घटनालाई पनि सम्झाइदिन्छ पविता यादवको घटना।

**शल्यक्रियापछि कहिल्यै होस नफर्केकी पविता**
सर्लाहीको हरिपूर्वा नगरपालिका–५ की २५ वर्षीया पविता यादवको घटना ३ माघ २०८१ को हो

जनकपुरधामको पिडारीचोकस्थित त्यसबेला दर्ता नरहेको मुस्कान अस्पतालमा उनको पित्तथैलीको शल्यक्रिया गरिएको थियो। जनकपुरकै सूर्या अल्ट्रासाउन्डमा परीक्षणका लागि पुगेकी पवितालाई त्यहाँबाट भर्खरै खुलेको मुस्कान अस्पताल लगिएको थियो। सर्जन डा. ज्ञानकुमार साहले उनको शल्यक्रिया गरेका थिए। तर शल्यक्रियापछि पविताको होस आएन।

अस्पतालले उनलाई अन्यत्र लैजान सुझाव दियो। जनकपुरको जानकी हेल्थकेयर हुँदै काठमाडौंको केएमसीसम्म पु¥याएर उपचार गरियो। तर करिब साढे चार महिनासम्म पनि पविताको चेतना फर्किएन। अस्पताल दर्ताबिनै सञ्चालनमा रहेको र शल्यक्रियापछि लामो समयसम्म पनि पविताको होस नफर्किएको विषयमा समाचार सार्वजनिक भएपछि मधेशका तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले मुस्कान अस्पताल बन्द गराएका थिए। त्यसपछि प्रदेशका सरकारी तथा निजी अस्पतालमा छड्के अनुगमनसमेत सुरु भयो।

एक महिनाभित्र करिब चार दर्जन अस्पताल बन्द गरिएको बताइएको थियो। तर समय बित्दै जाँदा तीमध्ये अधिकांश पुनः सञ्चालनमा आए। प्रश्न अझै उही छ ती अस्पताल किन बन्द गरिए ? कसरी पुनः सञ्चालनमा आए ? मापदण्ड पूरा गरे कि गरेनन् ? अनुगमनपछि सुधार के भयो ? यी प्रश्नको जवाफ सम्बन्धित सरकार र स्वास्थ्य मन्त्रालयले दिनुपर्ने हो।

**पविताको मृत्यु भयो, तर जवाफदेहिता कहाँ पुग्यो ?**
२९ माघमा काठमाडौंको केएमसीमा भर्ना गरिएकी पविताको करिब साढे चार महिनापछि १६ जेठ २०८२ मा मृत्यु भयो। उनका बुबा ब्रह्मदेवले उपचारमा लापरबाही भएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएका थिए। तर अस्पताल पक्षमाथि प्रभावकारी कारबाही भएको देखिएन। पविताका पति अङ्गेश भारतमा मजदुरी गरेर फर्किएपछि लामो समय कुरुवा बसे। परिवारले ऋणकर्जा गरेर उपचारमा १५ लाख रुपैयाँभन्दा बढी खर्च गऱ्यो। उपचार खर्चको भार बढ्दै गएपछि उनी घर फर्किन बाध्य भए। पछि अस्पतालले उनलाई हाजिर गराउन प्रहरीसम्म लगेको थियो।

पविताको मृत्युबारे समाचार सार्वजनिक भएपछि उपचार खर्च नलिई शव परिवारलाई दिइयो। त्यसपछि उपचार खर्चको लेनदेनमार्फत घटना मिलाइएको थियो। केही महिनापछि बन्द गरिएको मुस्कान अस्पताल पुनः सञ्चालनमा आयो। तर पविताको घटनामा प्रभावकारी छानबिन भयो कि भएन ? लापरबाही प्रमाणित भयो कि भएन ? दोषी को थिए ? उनीमाथि के कारबाही भयो ? यी प्रश्न भने अनुत्तरित नै रहे। पविताका दुई सन्तानले आमासमेत गुमाए।

**१० प्रतिशत निःशुल्क बेडको व्यवस्था कहाँ हरायो ?**
स्वास्थ्य सेवामा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्न निजी अस्पतालले समेत गरिब, विपन्न तथा असहायका लागि १० प्रतिशत बेड निःशुल्क उपचारका लागि छुट्याउनुपर्ने कानुनी व्यवस्था छ। तर मधेशका अस्पतालमा यो व्यवस्था व्यवहारमै लागू भएको देखिँदैन। लागू भएको भए विपन्न नागरिक उपचार खर्च जुटाउन नसकेर अस्पतालको गेटबाहिर पुग्ने अवस्था कसरी आयो ? उपचारको बिल तिर्न नसकेर अस्पतालमै रोकिएर बस्नुपर्ने अवस्था किन दोहोरिन्छ ? यसको प्रभावकारी अनुगमन गर्ने जिम्मेवारी सरकारको हो। तर नियमन गर्ने निकायले नै आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा पूरा नगरेपछि कानुनी व्यवस्था कागजमै सीमित हुने खतरा
बढ्छ।

**पैसा नभए उपचार रोक्ने प्रवृत्तिका प्रतिनिधि घटना**
बिरामीको चापका कारण सरकारी अस्पतालमा समयमै उपचार नपाएपछि विपन्न नागरिक महँगो भएपनि निजी अस्पताल पुग्न बाध्य हुन्छन्। त्यसपछि उपचार खर्च तिर्न नसक्दा अस्पतालमै रोकिनुपर्ने अवस्था आउँछ। सर्लाहीको सबैला नगरपालिका–९ की मन्तोरिया राय यसको एउटा उदाहरण हुन्।

मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी मन्तोरिया उपचार खर्च तिर्न नसक्दा जनकपुरको जनकपुर न्युरो हस्पिटलमा ३९ दिनसम्म रोकिएकी थिइन्। उनीसँगै उनका तीन बच्चाले समेत अस्पतालमै लामो समय बिताउनुपरेको थियो। समाचार सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालयको पहलमा उनी अस्पतालबाट बाहिरिन सकिन्।

त्यस्तै, मोटरसाइकल दुर्घटनामा घाइते जनकपुरधाम उपमहानगरपालिका–१७ का २२ वर्षीय रामविनय राम उपचार खर्च तिर्न नसक्दा कृष्ण मेडिकल एन्ड टेक्निकल रिसर्च सेन्टरमा २४ दिनसम्म रोकिएका थिए। समाचार सार्वजनिक भएपछि मानव अधिकारवादी संस्था तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा परिवारले थप ५० हजार रुपैयाँ बुझाएपछि २५ दिनमा उनलाई अस्पतालबाट निकालिएको थियो।

यी दुई घटना मात्रै हुन्। यस्ता कति घटना सार्वजनिक नै हुँदैनन् भन्ने प्रश्न झन् गम्भीर छ। कतिपय परिवार उपचार खर्च जुटाउन घरजग्गा बेच्न बाध्य छन्। कतिपय ऋणमा डुब्छन्। कतिपयले उपचारकै क्रममा आफन्त गुमाउँछन्।

# खोलाबाट काठ लैजान खोज्ने प्रयास दुईजना काठ तस्कर पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा तस्करहरूले रातको समयमा लालबकैया खोलामा काठ बगाएर लैजाने प्रयास गरेका छन्। तर, वन कर्मचारीको गस्ती टोली पुगेपछि तस्करहरू काठ छाडेर फरार भएका छन्।

डिभिजन वन कार्यालय रौतहटको टोलीले सोमबार बिहान करिब २ बजे जङ्गलसहिया सब–डिभिजन वन कार्यालयअन्तर्गत लालबकैया खोलाको गर्जा पुलबाट करिब २ सय मिटर माथिल्लो भागमा पानीमा बगिरहेको अवस्थामा सालको काठ बरामद गरेको हो।

वन कार्यालयका अनुसार बरामद काठमा सालका ४ थान गोलिया र १ थान चौपाटा छन्। पाँच थान काठको कुल परिमाण २७/४७ क्युबिक फिट रहेको छ।

वन कर्मचारी तथा सुरक्षाकर्मीको टोली देखेपछि काठ बगाएर लैजाने समूह अँध्यारोको फाइदा उठाउँदै घटनास्थलबाट भागेको जनाइएको छ।

बरामद काठलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी वन कार्यालयको नियन्त्रणमा राखिएको छ। घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी भइरहेको डिभिजन वन कार्यालयले जनाएको छ।

यसैबिच, बाराको हलखोरिया साझेदारी वन क्षेत्रमा हरियो सालको रूख काटेर काठ तस्करी गर्न प्रयोग गरिएको जीपसहित दुईजनालाई वन कर्मचारीले पक्राउ गरेका छन्। हलखोरिया सबडिभिजन वन कार्यालय, डुमरवानाको टोलीले करीब सय क्युफिट बराबर १० थान सालका गोलियासहित जीप बरामद गरेको हो। पक्राउ पर्नेमा परवानीपुर गाउँपालिका–३ बारा निवासी २५ वर्षीय जीप चालक साहेब हवारी र सोही स्थानका ४० वर्षीय जीप साहु हुसेन मियाँ रहेका छन्। उनीहरूलाई नियन्त्रणमा लिएर डिभिजन वन कार्यालय, बारामा बुझाइएको छ।

# महुवनबाट चोरी भएको ट्र्याक्टर ठोरीको गोपी बस्तीबाट बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका–५ महुवनबाट चोरी भएको ट्र्याक्टर प्रहरीले ठोरी गाउँपालिका–४ गोपी बस्ती आपबगैँचाबाट बरामद गरेको छ। ट्र्याक्टर चोरीमा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ भने अर्का एक जना फरार रहेको प्रहरीले जनाएको छ।

सखुवा प्रसौनी–५ महुवनका ट्र्याक्टर धनी दिनेश कुमार जयसवालका अनुसार ना.६ त ४४८२ नम्बरको ३८० आइचर ट्र्याक्टर गण्डक नहरको उत्तरपट्टि रहेको पशुपालन फर्मबाट चोरी भएको थियो। चोरी भएको ट्र्याक्टरको खोजतलास गर्दा ठोरीबाट फेला पारेको हो। प्रहरीले ट्र्याक्टर चोरीमा संलग्न रहेको आरोपमा पोखरिया नगरपालिका–४ रानीगञ्ज रहरियाका सनोज साहलाई पक्राउ गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार घटनामा संलग्न अर्का एक व्यक्ति भने फरार रहेका छन्। उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# रास्वपा मधेश प्रदेशको विवाद मिलाउन विशेष टोली

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेशको विवाद मिलाउन विशेष टोली बनाएर खटाएको छ। रास्वपाको प्रथम महाधिवेशन गत असार दोस्रो साता चितवनमा सम्पन्न भएको थियो। तर मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेकका अन्य सात वटा जिल्लामा अझैसम्म अधिवेशन हुन सकेको छैन।

यस सन्दर्भमा रास्वपाले विशेष टोली परिचालन गरेको हो। यही भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले पार्टीका सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो। उक्त समितिले स्थलगत रूपमै पुगेर छलफल र संवाद गरिरहेको छ। सहमहामन्त्री हरि ढकाल नेतृत्वको अडिट समितिमा नेताहरू सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य रहेका छन।

# विनाशकारी बाढी...

रकम उपलब्ध गराएको जनाएको छ।

यसैबिच, विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि वीरगंजको गहवामाई तीर्थ विकास क्षेत्र समितिले २ लाख ११ हजार रुपैयाँ सहयोग गरेको छ।

सोमबार समितिका अध्यक्ष श्याम पोखरेलले उक्त रकम बराबरको चेक प्रधानमन्त्री राहत कोषमा सहयोग गरिएको बताए। विपद्का कारण प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले समितिले उक्त रकम सहयोग गरिएको अध्यक्ष पोखरेलको भनाइ रहेको छ।

यसैगरी, बाढीमा बेपत्ता भएका पर्साको पकाहाँ मैनपुर गाउँपालिका–१ धोरेका २४ वर्षीय विकासकुमार बर्णवालको परिवारलाई गाउँपालिकाका पूर्वअध्यक्ष विजय चौरसियाले आर्थिक तथा सामग्री सहयोग गरेका छन्।

सोमबार धोरे पुगेर चौरसियाले शोकाकुल परिवारलाई २१ हजार रुपैयाँ नगद तथा दुईवटा ग्यास सिलिन्डर सहयोग गरेका हुन्।

लामो समयसम्म खोजी गर्दा पनि विकासको अवस्था पत्ता नलागेपछि परिवारले धार्मिक परम्पराअनुसार कुशको प्रतीकात्मक शव बनाएर अन्त्येष्टिसमेत गरिसकेको छ। विकास परिवारका एक्ला छोरा तथा तीन दिदीबहिनीका भाइ हुन्।

# करोडौँको सम्पत्ति...

नगरपालिकासम्म फैलिएको छ। चार स्थानीय तहसम्म फैलिएको ठूलो भू–सम्पत्ति र ऐतिहासिक धार्मिक महत्व बोकेको मठमन्दिर संरक्षणविहीन अवस्थामा पुग्नु दुःखद् भएको बैठाको भनाइ छ।

**'सम्पत्ति जोगाउने कि जीर्ण मठ हेरेर बस्ने ?'**
स्थानीयवासीले मठको जग्गा तथा सम्पत्तिको यथार्थ विवरण तत्काल सार्वजनिक गर्न माग गरेका छन्। त्यसैगरी वर्षौंदेखि निष्क्रिय रहेको व्यवस्थापन समिति पुनर्गठन, जग्गाको संरक्षण, आम्दानीको पारदर्शी व्यवस्थापन तथा मन्दिरको भौतिक संरचनाको तत्काल मर्मतसम्भार गर्न उनीहरूले सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

स्थानीयका अनुसार करोडौँ रुपैयाँ मूल्य पर्ने ठूलो भू–सम्पत्ति रहेको ऐतिहासिक धार्मिक स्थल संरक्षणविहीन रहनु केवल एउटा मन्दिरको समस्या नभई सार्वजनिक सम्पत्तिको संरक्षणसँग जोडिएको विषय हो। सम्पत्तिको यथार्थ विवरण सार्वजनिक नगर्ने, जग्गाको नियमित निगरानी नगर्ने र निष्क्रिय व्यवस्थापनलाई निरन्तरता दिने हो भने मठको जग्गा क्रमशः अतिक्रमण तथा दुरुपयोगको चपेटामा पर्न सक्ने स्थानीयको चिन्ता छ।

त्यसैले गुठी संस्थान, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायले मठको जग्गा तथा सम्पत्तिको तत्काल स्थलगत अध्ययन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने, संरक्षणको ठोस योजना बनाउनुपर्ने र जीर्ण संरचनाको पुनःनिर्माण तथा मर्मतमा ध्यान दिनुपर्ने स्थानीयको माग छ। करोडौँको सम्पत्ति बोकेको मठ आफैँ जीर्ण हुँदै जाने र त्यसको जग्गा तथा आम्दानीको व्यवस्थापनमाथि प्रश्न उठिरहने अवस्था अन्त्य गर्न अब कागजी संरक्षण होइन, पारदर्शी र प्रभावकारी व्यवस्थापन आवश्यक देखिएको छ।

# काठमाडौंको ग्यास अभाव टार्न तराईका उद्योग २४ घण्टा सञ्चालनमा




**मधेशदृष्टि**
**वीरगंज।**
त्रिशूली नदीमा आएको बाढी र कृष्णभिरमा गएको पहिरोका कारण पृथ्वी राजमार्ग अवरुद्ध भएपछि काठमाडौं उपत्यकामा देखिएको एलपी ग्यासको अभाव कम गर्न तराईका ग्यास उद्योगहरूले उत्पादन र आपूर्ति बढाएका छन् । काठमाडौंसम्म ग्यास बोक्ने बुलेट पुग्न नसकेपछि तराईमै सिलिन्डरमा ग्यास भरेर साना–ठूला ट्रकमार्फत वैकल्पिक मार्ग हुँदै राजधानी पठाउन थालिएको हो। गत भदौ १४ गते त्रिशूली नदीमा आएको बाढीपछि पृथ्वी राजमार्गअन्तर्गत कृष्णभिरमा पहिरो गएर सडक अवरुद्ध बनेको थियो। भारतबाट ग्यास बोकेर आएका बुलेटसमेत काठमाडौंसम्म पुग्न नसकेपछि सरकारले वैकल्पिक सडक प्रयोग गरी सिलिन्डरमार्फत ग्यास ढुवानी गर्ने व्यवस्था मिलाएको हो।

काठमाडौंमा बजारीकरण भइरहेका २६ वटा ग्यास उद्योगका सिलिन्डर अहिले तराईका विभिन्न उद्योगमा भरेर राजधानी पठाउने काम भइरहेको छ। मकवानपुर, बारा, पर्सा, चितवन, महोत्तरी, धनुषा र नवलपरासीमा रहेका १४ वटा ग्यास उद्योगबाट काठमाडौंका लागि निरन्तर ग्यास रिफिलिङ भइरहेको जनाइएको छ। ग्यास अभाव कम गर्न केही उद्योगले नियमित समयभन्दा निकै बढी समयसम्म कारखाना सञ्चालन गरिरहेका छन् । विभिन्न उद्योगले दैनिक एक हजारदेखि ८ हजारसम्म सिलिन्डरमा ग्यास भरेर काठमाडौं पठाइरहेका छन् । नेपाल आयल निगमको समन्वयमा पृथ्वी राजमार्ग पूर्णरूपमा सञ्चालनमा नआएसम्म वैकल्पिक मार्गबाट यस्तो आपूर्ति जारी राख्ने तयारी गरिएको छ।

**सहाराले तीन सिफ्टमा भरिरहेको ८ हजारभन्दा बढी सिलिन्डर**

हेटौंडास्थित सहारा ग्यास उद्योगले काठमाडौंमा बिक्री हुने एभरेस्ट र सुगम ब्रान्डका सिलिन्डरमा दैनिक ८ हजारसम्म ग्यास भरेर पठाइरहेको जनाएको छ । उद्योगले एभरेस्टका ४ हजार र सुगमका ४ हजार सिलिन्डरमा ग्यास भर्ने गरेको छ। उद्योग तीन सिफ्टमा सञ्चालन गरी चौबिसै घण्टा ग्यास रिफिलिङ भइरहेको सहारा ग्यास उद्योगका प्रबन्धक खड्ग थापाले बताए।

उनका अनुसार उद्योगले दैनिक ८ देखि १२ हजार सिलिन्डरसम्म ग्यास भर्ने गरेको छ । त्यसमध्ये करिब २ हजार ५ सय सिलिन्डर सहारा ब्रान्डका लागि स्थानीय बजारमा पठाइन्छ भने ८ हजारभन्दा बढी सिलिन्डर काठमाडौंका लागि डिस्प्याच भइरहेको छ । काठमाडौं आपूर्तिका लागि पालुङको बाटो प्रयोग भइरहेको छ। साना ट्रक तथा काठमाडौंका पार्टी र डिलरका सवारीसाधनमार्फत दैनिक करिब ८ हजार ५ सय सिलिन्डर राजधानी पठाउने गरिएको थापाले बताए।

उनका अनुसार ठूलो परिमाणमा ग्यास उत्पादन गर्दा उद्योगका कर्मचारीले १८ देखि २० घण्टासम्म काम गर्नुपरेको छ । राजमार्गका विभिन्न स्थानमा अवरुद्ध सडक खुल्नासाथ ग्यास लिन आउने सवारीसाधनको चापसमेत अत्यधिक बढ्ने गरेको उनले बताए।

**पर्साको मनोज ग्यासमा रातिसम्म रिफिलिङ**

पर्साको परवानीपुरस्थित मनोज ग्यास उद्योग प्रालिले पनि काठमाडौंका लागि दैनिक १ हजार ६ सयदेखि १ हजार ८ सयसम्म सिलिन्डर भरेर पठाइरहेको छ । उद्योगले आफ्नै ब्रान्डसँगै काठमाडौंमा बिक्री हुने साल्ट ट्रेडिङ कर्पोरेसनको 'एसटीसी' र 'लोकप्रिय' ब्रान्डका सिलिन्डरमा समेत ग्यास भर्ने गरेको जनाएको छ । उद्योगमा कार्यरत सञ्जयकुमार मिश्रका अनुसार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म आफ्नै ब्रान्डको ग्यास भर्ने र त्यसपछि काठमाडौंका लागि आएका सिलिन्डरमा राति १२/१ बजेसम्म रिफिलिङ गर्ने गरिएको छ।



**लियो ग्यासले दैनिक ५ हजार सिलिन्डर पठाउँदै**

बाराको लियो ग्यास उद्योग प्रालिले लोकप्रिय र श्रीमाया ब्रान्डका सिलिन्डरमा ग्यास भरेर बजारमा पठाइरहेको छ। उद्योग सञ्चालक तथा एलपी ग्यास उद्योग संघका कोषाध्यक्ष निर्मल खत्रीका अनुसार उद्योगले अहिले दैनिक करिब ५ हजार सिलिन्डर ग्यास बजारमा पठाइरहेको छ। त्यसमध्ये करिब २ हजारदेखि २ हजार ५ सय सिलिन्डर स्थानीय बजारका लागि छुट्याइन्छ भने बाँकी करिब ३ हजार सिलिन्डर काठमाडौं पठाउने गरिएको छ।

विपद्को अवस्थामा उपभोक्तालाई ग्यास अभाव हुन नदिन उद्योगले आफ्नो क्षमता बढाएर काम गरिरहेको खत्रीले बताए । उनका अनुसार भारतबाट ग्यास आयात हुने क्रमसमेत रोकिएको छैन र उद्योगमा दैनिक करिब आधा दर्जन बुलेट ग्यास आउने गरेका छन् । लियो ग्यास उद्योगले बिहान ७ देखि दिउँसो ३ बजेसम्म र त्यसपछि दिउँसो ३ देखि राति ११ बजेसम्म गरी दुई सिफ्टमा काम गरिरहेको छ।

**अम्बर र सुपर ग्यास पनि काठमाडौंको आपूर्तिमा**

बाराको अम्बर ग्यास उद्योगले सिद्धार्थ र एसटीसी ब्रान्डका सिलिन्डरमा दैनिक करिब १ हजार २ सयसम्म ग्यास भरेर पठाइरहेको जनाएको छ । त्यस्तै, पर्सास्थित सुपर ग्यास उद्योगले काठमाडौंमा बिक्री हुने हिमाल ब्रान्डका सिलिन्डरमा ग्यास रिफिलिङ गरिरहेको छ । तराईका उद्योगहरूले आफ्नो नियमित उत्पादनसँगै काठमाडौंका विभिन्न ब्रान्डका सिलिन्डरमा ग्यास भरेर वैकल्पिक सडकमार्फत राजधानी पठाइरहेका छन् । राजमार्ग अवरुद्ध हुँदा बुलेटमार्फत ठूलो परिमाणमा ग्यास ढुवानी गर्न नसकिए पनि सिलिन्डरमार्फत आपूर्ति कायम राख्ने प्रयास भइरहेको छ। काठमाडौं उपत्यका लगायत केही क्षेत्रमा ग्यासको अभाव कायमै रहे पनि भारतबाट भने बजारको मागभन्दा बढी परिमाणमा ग्यास आपूर्ति भइरहेको तथ्यांक नेपाल आयल निगमले सार्वजनिक गर्दै आएको छ । पृथ्वी राजमार्ग पूर्ण रूपमा सञ्चालनमा नआएसम्म तराईका उद्योगबाट वैकल्पिक मार्ग हुँदै काठमाडौंमा ग्यास पठाउने व्यवस्था निरन्तर रहने बताइएको छ।

# अस्थायी दरबन्दी स्वीकृत नभएका कर्मचारीलाई हाजिर नगराउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाले चालु आर्थिक वर्ष २०८३/८४ का लागि अस्थायी स्वीकृत दरबन्दी नपाएका कर्मचारीलाई कार्यालयमा हाजिर नगराउन निर्देशन दिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भदौ २४ गते जारी गरेको पत्रअनुसार प्रदेशअन्तर्गतका कार्यालयमा अस्थायी स्वीकृत दरबन्दीमा कार्यरत तर चालु आर्थिक वर्षका लागि दरबन्दी स्वीकृत नभएका कर्मचारीलाई हाजिर नगराउन भनिएको हो। सोही निर्देशन कार्यान्वयन गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशाला मधेश प्रदेशले सोमबार सूचना जारी गरेको छ। सूचनामार्फत प्रयोगशाला, स्वास्थ्य सेवा सञ्चालन तथा सम्बन्धित अन्य इकाइअन्तर्गत कार्यरत कर्मचारीको हाजिरी व्यवस्थापन मन्त्रालयको निर्देशनअनुसार गर्न आग्रह गरिएको छ।




कार्यालय प्रमुख गुणानन्द प्रसाद साहले जारी गरेको सूचनामा आर्थिक वर्ष २०८३÷८४ का लागि अस्थायी दरबन्दी स्वीकृत नभएका कर्मचारीलाई हाजिर नगराउने निर्णय कार्यान्वयन गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ। यस निर्देशनसँगै नयाँ आर्थिक वर्षका लागि दरबन्दी स्वीकृत नभएका अस्थायी कर्मचारीको कामकाज प्रभावित हुने भएको छ।

## जलवायु सम्मेलनमा सहभागी हुन
# मुख्यमन्त्री यादव मनिला प्रस्थान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव जलवायु परिवर्तनबाट प्रदेशमा उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलनका विषयमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन फिलिपिन्सको राजधानी मनिला प्रस्थान गरेका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादव र कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव थाइ एयरबाट मनिलातर्फ प्रस्थान गरेका हुन्।

मनिलामा भदौ ३० र ३१ गते अर्थात् सेप्टेम्बर १५ र १६ गते आयोजना हुने एसिया जलवायु अनुकूलन लगानी योजना मञ्चमा उनीहरू सहभागी हुनेछन् । भ्रमणबाट नेपाल सरकार तथा प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने जनाइएको छ । सम्मेलनमा मधेश प्रदेशले जलवायु परिवर्तनका कारण भोग्दै आएको बाढी, डुबान, सुख्खालगायतका जलवायुजन्य जोखिम तथा त्यसको न्यूनीकरण र अनुकूलनका उपायबारे अनुभव आदानप्रदान गर्नेछ।




त्यस्तै, जलवायु अनुकूलनका क्षेत्रमा अन्तर्राष्ट्रिय लगानी र सहकार्यको सम्भावना पहिल्याउँदै मधेश प्रदेशका प्राथमिकता अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने अवसरका रूपमा भ्रमणलाई हेरिएको छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमसँग जुध्न आवश्यक प्रविधि, स्रोत र लगानी भित्र्याउन अन्तर्राष्ट्रिय सहकार्य महत्वपूर्ण हुने प्रदेश सरकारको विश्वास छ।

मुख्यमन्त्री यादवको भ्रमणले मधेश प्रदेशलाई जलवायुजन्य विपद्बाट सुरक्षित, दिगो र समृद्ध बनाउने प्रयासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# करोडौँको सम्पत्ति,
## जीर्ण बन्दै ऐतिहासिक राधाकृष्ण मठः
# ७५ बिघासम्म जग्गा, संरक्षण भने शून्य

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकहामैनपुर गाउँपालिका–२ कटिबलुवामा रहेको ऐतिहासिक श्रीराधाकृष्ण मठ मन्दिर संरक्षणको अभावमा दिनप्रतिदिन जीर्ण बन्दै गएको छ। मठको स्वामित्वमा करिब ६५ देखि ७५ बिघासम्म खेतीयोग्य जमिन रहेको र उक्त जग्गाको मूल्य करोडौं रुपैयाँ पर्ने बताइए पनि ऐतिहासिक धार्मिक स्थलको भौतिक अवस्था भने अत्यन्त दयनीय बनेको स्थानीयवासीको गुनासो छ।

ठूलो भू–सम्पत्तिको स्वामित्वमा रहेको मठले प्रत्येक वर्ष आफ्नो जग्गाबाट उल्लेख्य मात्रामा धान उत्पादन गर्दै आएको स्थानीय बताउँछन्।

उत्पादन भएको धानमध्ये केही हिस्सा गुठी संस्थान पर्सामा बुझाउने गरिएको छ भने पुजारीको खानपान, नियमित पूजापाठ र सामान्य व्यवस्थापनका लागि पनि धान उपलब्ध गराइने गरेको बताइएको छ । तर, मठको आम्दानी र सम्पत्तिको तुलनामा यसको संरक्षण तथा भौतिक संरचनाको अवस्थाबीच ठूलो अन्तर देखिएको स्थानीयको आरोप छ।

मन्दिरको नियमित मर्मतसम्भार, सम्पत्तिको संरक्षण र व्यवस्थित व्यवस्थापनमा पर्याप्त ध्यान नदिँदा ऐतिहासिक संरचना नै जोखिममा परेको उनीहरूको भनाइ छ।



**आठ वर्षदेखि व्यवस्थापन समिति निष्क्रिय**

स्थानीयका अनुसार मठको व्यवस्थापन समिति करिब आठ वर्षदेखि प्रभावकारी रूपमा सक्रिय छैन । यसअघि दिनानाथ साह तेली अध्यक्ष रहेको व्यवस्थापन समिति भए पनि लामो समयदेखि निष्क्रिय रहँदा मठको व्यवस्थापन कमजोर हुँदै गएको स्थानीयको दाबी छ।

समिति, पुजारी र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय हुन नसक्दा मठको संरक्षण र सम्पत्ति व्यवस्थापन झन् जटिल बनेको स्थानीय बताउँछन्। उनीहरू व्यंग्य गर्दै 'जुन योगी आए, मठ उजाड' भन्ने अवस्था सिर्जना भएको टिप्पणी गर्छन्।

हाल मठमा मनिष पाण्डे नयाँ पुजारीका रूपमा दैनिक पूजापाठ गर्दै आएका छन्। तर, पुजारी परिवर्तन हुँदैमा समस्या समाधान नहुने भन्दै स्थानीयले मठको जग्गा, भवन तथा अन्य सम्पत्तिको दीर्घकालीन संरक्षणका लागि संस्थागत र पारदर्शी व्यवस्थापन आवश्यक रहेको बताएका छन्।

मठको सम्पत्तिको विषयमा पूर्वपुजारी भारतीय नागरिक सुरेन्द्र दास बैरागीमाथि समेत स्थानीयले गम्भीर आरोप लगाएका छन् । स्थानीय शिक्षक चन्देश चौहानका अनुसार बैरागीले नेपाली नागरिकता बनाएर मठको केही खेतीयोग्य जमिन आफ्नो नाममा गराएको आरोपमा करिब १५ वर्षदेखि अदालतमा मुद्दा चलिरहेको छ।

**मधेश विश्वविद्यालयका लागि जग्गा दिन तयार थिए स्थानीय**

शिक्षक चौहानका अनुसार मधेश प्रदेशमा मधेश विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढिरहेका बेला कटिबलुवा मठको ठूलो परिमाणको जग्गा सार्वजनिक प्रयोजनका लागि उपलब्ध गराउन स्थानीयवासी तयार भएका थिए। तर, राजनीतिक खिचातानीका कारण विश्वविद्यालय कटिबलुवामा स्थापना हुन नसकेको उनको भनाइ छ । सार्वजनिक प्रयोजनमा प्रयोग हुन सक्ने ठूलो भू–सम्पत्ति अहिले व्यवस्थित संरक्षण र उपयोगको अभावमा रहेको स्थानीयको गुनासो छ।

**मठको जग्गा स्थानीयको जोतभोगमा, आम्दानीमाथि प्रश्न**

मठको केही खेतीयोग्य जमिन अहिले स्थानीयहरूले आ–आफ्नै ढंगले जोतभोग गर्दै आएको स्थानीयको दाबी छ । यसले मठको वास्तविक जग्गा कति हो, कति जग्गाबाट कति उत्पादन हुन्छ, उत्पादन कहाँ जान्छ र मठको नाममा कति आम्दानी हुन्छ भन्ने विषयमा प्रश्न खडा गरेको छ।

स्थानीयवासीले मठको सम्पत्तिको पारदर्शी अभिलेख सार्वजनिक गर्नुपर्ने माग गरेका छन्। उनीहरूका अनुसार मठको जग्गा र त्यसबाट प्राप्त हुने उत्पादन तथा आम्दानीको व्यवस्थित लेखाजोखा नभए सम्पत्तिमाथि अतिक्रमण र दुरुपयोगको जोखिम झन् बढ्न सक्छ।

**ठूलो पोखरी पनि जीर्ण, मठकै जग्गामा प्रहरी चौकी**

मठको जग्गाभित्र रहेको ठूलो पोखरीसमेत संरक्षणको अभावमा जीर्ण बन्दै गएको स्थानीय संस्था अध्यक्ष उमेश बैठाले बताए। उनका अनुसार मठकै जग्गामा प्रहरी चौकीसमेत रहेको छ। बैठाका अनुसार श्रीराधाकृष्ण मठको जग्गा पकहामैनपुर गाउँपालिकासँगै कालिकामाई गाउँपालिका, धोबिनी गाउँपालिका र पोखरिया

*बाँकी पृष्ठ ३ मा*

# ग्रामीण प्रहरी चौकी पुगे डीआईजी अधिकारी, सीमा सुरक्षा र अपराध नियन्त्रणमा कडाइ गर्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी ओमप्रसाद अधिकारीले पर्साको ग्रामीण क्षेत्रमा रहेका विभिन्न प्रहरी चौकीहरूको स्थलगत निरीक्षण गर्दै सीमा सुरक्षा, अपराध नियन्त्रण र नागरिकलाई प्रभावकारी प्रहरी सेवा उपलब्ध गराउन निर्देशन दिएका छन्।

निरीक्षणका क्रममा डीआईजी अधिकारीले प्रहरी चौकीहरूको सुरक्षा व्यवस्थापन, प्रहरीको सेवा प्रवाह तथा स्थानीय क्षेत्रमा देखिएका सुरक्षा चुनौतीबारे जानकारी लिएका थिए। उनले सीमा क्षेत्रमा हुने गतिविधि, सम्भावित आपराधिक क्रियाकलाप तथा प्रहरीको दैनिक कार्यसम्पादनबारे समेत स्थलगत रूपमा जानकारी लिएका हुन्।

ग्रामीण भेगमा प्रहरीको उपस्थितिलाई थप प्रभावकारी बनाउँदै नागरिकले सहज रूपमा सुरक्षा सेवा पाउने वातावरण निर्माण गर्न उनले प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । प्रहरी र नागरिकबीचको सम्बन्धलाई अझ मजबुत बनाउँदै नागरिकमैत्री प्रहरी सेवा र अपराध नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्नेमा उनले जोड दिए।



डीआईजी अधिकारीले सीमा क्षेत्रबाट हुन सक्ने गैरकानुनी गतिविधिमाथि निगरानी बढाउन, शंकास्पद गतिविधिको समयमै पहिचान गर्न तथा स्थानीयस्तरमा देखिने सुरक्षा चुनौतीलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न प्रहरीलाई निर्देशन दिएका छन् । उनले प्रहरी चौकीको नियमित निरीक्षण तथा अनुगमनले प्रहरीको कार्यसम्पादन प्रभावकारी बनाउन सहयोग पुग्ने बताउँदै जिम्मेवारी निर्वाहमा कुनै कमजोरी नगर्न समेत प्रहरी कर्मचारीलाई सचेत गराएका छन्।

पर्साको ग्रामीण तथा सीमा क्षेत्रमा हुने गतिविधिमाथि प्रहरीले थप सक्रियता बढाउनुपर्ने आवश्यकता औंल्याउँदै अधिकारीले सुरक्षा व्यवस्थालाई चुस्त, अपराध नियन्त्रणलाई प्रभावकारी र प्रहरी सेवालाई जनउत्तरदायी बनाउन मातहतका प्रहरी कर्मचारीलाई निर्देशन दिएका हुन् । डीआईजी अधिकारीको स्थलगत निरीक्षणलाई ग्रामीण क्षेत्रमा प्रहरीको सुरक्षा उपस्थिति र कार्यसम्पादन थप सुदृढ बनाउने प्रयासका रूपमा हेरिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन